याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, पाँचथर
कोशी प्रदेश, नेपाल

सूचना नं.: ५६-२०८१/०८२

## नि: शुल्क जग्गा उपलब्ध गराउने बारेको सूचना
## प्रथम पटक सूचना प्रकाशित सूचना: २०८१/१०/२५ गते

प्रस्तुत विषयमा जिल्ला प्रहरी कार्यालय, फिदिम, पाँचथरको च.न. ४५५, मितिः २०८१/१०/१० गतेको पत्रानुसार याङवरक गाउँपालिका वडा नं. २, फलैँचा बजारमा रहेको प्रहरी चौकी फलैँचाको कार्यालय भवन निर्माण प्रयोजनार्थ देहाय बमोजिमका कागजात संलग्न गरी सूचना प्रकाशन भएको मितिले १५ दिन (मितिः २०८१/११/०९ गते कार्यालय समय) भित्र सो प्रहरी चौकीको लागि नि: शुल्क जग्गादान गर्न इच्छुक जग्गादाताले आवेदन गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**जग्गादाताले निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु तथा शर्तहरुः**

१. जग्गाको क्षेत्रफल कम्तिमा ३ रोपनी भन्दा बढी हुनुपर्ने,
२. हकभोगमा कुनै विवाद तथा समस्या नभएको हुनुपर्ने,
३. कुनै वित्तीय संस्था वा बैंकमा रोक्का नरहेको हुनुपर्ने,
४. उक्त जग्गामा कम्तीमा सडक र बिजुलीबत्तीको पहुँच पुगेको हुनुपर्ने,
५. जग्गा याङवरक गाउँपालिका वडा नं. २ भित्र हुनुपर्ने,
६. सम्बन्धित जग्गाधनिको धनिपूर्जा प्रमाणपत्र प्रतिलिपी, नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, संगोल वा संयुक्त रुपमा उपलब्ध गराउने भए सबै जनाको नागरिकताको प्रतिलिपी सहित मञ्जुरीनामा पत्र, फायल साइजको नक्सा र चालु आ.व. मा कर तिरेको रसिदको प्रतिलिपी।

**नोटः** जग्गा उपलब्ध गराउने सम्बन्धी प्राप्त निवेदनहरु उपर प्राविधिक द्धारा आवश्यक मूल्याङ्कन, अवलोकन तथा प्रतिवेदन पश्चात जग्गा छनौटको लागि सिफारिस गरिनेछ।

२०८१/१०/२८

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**प्रशताव पेश गर्ने स्थानः**

याङवरक गाउँ कार्यपालिकाको कार्यालय, थर्पु, पाँचथर।


yangwarakruralmun@gmail.com | www.facebook.com/yangwarak | www.yangwarakmunpanchthar.gov.np | ०२४-४१००४८, ०२४-४१००४९
Scanned with CamScanner